## News & Updates

# Nepal Theological College

January 2021





## From the Principal's Desk

Dr. Bal Krishna Sharma, PhD

नेपालको थियोलोजिकल शिक्षाको सन्दर्भमा नेपाल थियोलोजिकल कलेजको इतिहास लामो छ । यसको शुरूवात् सन् १९७८ मा भयो । केही विद्यार्थीहरूलाई छोटो समयको शिक्षा प्रदान गर्ने उद्देश्यले यसको शुरू भएको थियो। त्यसबेला नेपाल देशभरि १००० भन्दा बढी ख्रीष्टियानहरू थिएनन् । बाइबलीय शिक्षाको महत्वलाई बुझी विभिन्न सतावटका बीचमा पनि काठमाण्डौमा भएका एजी मण्डलीहरूको सक्रियतामा यसको शुरूवात भयो। सन् १९८० मा एक वर्षे तालिम शुरू भयो र १९८१ देखि यो एसेम्बलीज अफ गड नेपालको शैक्षिक संस्थाको रूपमा सञ्चालित भयो। यसरी १९८२ मा सिटीएच अध्ययन समापन गरी हरिभक्त केसी, जीवन आचार्य, धन बहादुर पाण्डे, एनपी प्रधान र चित्र रूपाचा दीक्षित हुनुभएको थियो। चेलापन तालीम केन्द्र नामबाट बाइबल शिक्षा संस्था परिचित थियो । एक वर्षे बाइबल स्कूलमा धेरै व्यक्तिहरूले अध्ययन गर्नुभयो र सन् १९९७ देखि २ वर्षे डिप्लोमा बाइबल तालीम शुरू भयो । यस अध्ययन कार्यक्रमबाट पनि धेरै जना विद्यार्थीहरूले २ वर्षे डिप्पोमा पूरा गरेका छन्।

सन् २००७ मा चेलापन तालीम केन्द्रको नाम परिवर्तन गरी नेपाल थियोलोजिकल कलेज राखियो । यही वर्षबाट अंग्रेजी माध्यममा बिटीएच अध्ययन कार्यक्रमलाई शुरू गरियो। यसरी दुई वर्षे डिप्लोमा र तीन वर्षे बिटीएच कार्यक्रम सञ्चालन भए । विद्यार्थी संख्या पनि प्रत्येक वर्ष वृद्धि हुदै गयो र नेपाल

Continued in 3rd Page

### Inside this issue:


From the Principal's Desk 1

From Academic Dean's Pen 2

From the Librarian's Pen 2

NTC and Use of Zoom 4

Moving Forward... 4

Photo Gallery 1

Advertisement 4


!Admission Open!
Classes Starting
from March 1, 2021,
Falgun 17, 2077
Apply Soon!!

## NTC Faculty & Staff



Dr. Bal Krishna Sharma, PhD (Principal)



Rev. Setay Tamang (MTh Candidate) (Dean of Student)



Rev. Amar Pandey, MTh



Mr. Ashish Christian, MTh



Mrs. Karuna Sharma, MTh (Dean of Women)



Mrs. Anuja Rai, MDiv Candidate ( Accountant )



Mrs. Hira Pun (Kitchen Staff)



Mr. Sonam Achhami, MDiv (Librarian)



Mr. Arpan Acharya, MTh Candidate (Registrar)



Mr. Prakash Rai, (MDiv Candidate)

## From Academic Dean's Pen



Rev. Amar Pandey

*"NTC is going to offer a dual degree program from the coming academic year."*

*Admissions are open for all the programs, namely, M.Div., B.Th.-B.A., B.Th., and Dip.Th.*

The year 2020 has been a challenging one for the whole world due to the COVID 19 pandemic. Nepal Theological College (NTC) had its own share of challenges. The classes had to be halted abruptly in March and the students sent to their homes. We waited for a while to see if the situation would be normal but the lockdown prolonged, and the college could not be reopened even after the lockdown was called off.

Our Master of Divinity (M.Div.) classes were not affected much because the students in this program are from the cities, and hence, we could quickly offer virtual classes. Things were not so simple with Bachelor of Theology (B.Th.) and Diploma of Theology (Dip.Th.) programs because many of our students come from rural areas with electricity and internet problems. However, since things did not become normal even after waiting for a few months, we decided to offer virtual classes for B.Th. and Dip.Th. programs as well. Tracking the students and convincing some for virtual classes took some time. Initially, NTC even helped some students by providing some fund for the purchase of internet data. The students are now accustomed to virtual learning.

Initially, we began virtual classes for B.Th. III students in mid-June because they had only portions of a few courses left in order to complete their program. Once we gained some experience, virtual classes were commenced for all other classes (B.Th. and Dip.Th.) in July.

The new admission has been affected. We have not received sufficient new applications for any of the programs probably because of the pandemic. The people seem to be more occupied with the situations brought about by the pandemic than think about their studies.

Despite all the challenges, the Lord has been good! We also have a good news to share. NTC is going to offer a dual degree program from the coming academic year. Students can now receive B.Th. degree from NTC (accredited by ATA) and B.A. degree from Tribhhvan University in a four-year (8 semesters) program. The details for this dual degree program are available from the college office. The students can also study to receive B.Th. degree alone, which, too, will be a four-year program. Admissions are open for all the programs, namely, M.Div., B.Th.-B.A., B.Th., and Dip.Th.

We pray for God's grace and the resumption of normalcy in 2021. We hope and pray that our efforts will bless the church, our society, our nation, and beyond.

**Rev. Amar Pandey**
**(Academic Dean)**

## From Librarian's Pen



Mr. Sonam Achhami

R. David Lankes has suggested making a great library. He has said, "bad libraries build collections, good libraries build services, and great libraries build communities." The goal of the NTC Library has always been motivated by the Great Commission delegated by Jesus Christ. That is "to make disciples of Christ" by providing the theological resources as much as possible. Nepal Theological College has long-term planning for the development of higher theological training in Nepal.

NTC library is continuously expanding its service and impact upon the library members day by day. The development of the Koha library database system (automation software) and barcode service, the growth of theological books, additional coworkers, and the shift of the library location to the bigger room in the new building are the recent marks of library progress. NTC library has become of part of AGSTNP library joint database system and it is providing online public access catalog service to its members.

We are surrounded by bigger challenges as well. However, the counseling from superior,

Continued in 4th page

...Continued from Page 2

थियोलोजिकल कलेज (एनटीसी) मा २००७ मा भर्ना भएका बिटीएच र २००८ मा भर्ना भएका डिप्लोमाका विद्यार्थीहरूले एशिया थियोलोजिकल एसोसियसन (एटीए) को मान्यता पनि प्राप्त गरे । यसरी २०१० मा पहिलो बिटीएच दिक्षान्त भएको थियो । एनटीसीको सेवा विस्तार हुँदै गयो र केही समयपछि एनटीसीबाट विभिन्न स्थानहरूमा आंशिक आवासीय डिप्लोमा तहको अध्ययन शुरू भयो । विभिन्न सेवामा संलग्न हुनुभएका पास्टर र अगुवाहरू यस अध्ययन कार्यक्रममा सहभागी हुनथाल्नुभयो । सन् २०१५ मा एनटीसी र अन्य बाइबल कलेजहरू मिलेर मास्टर अफ डिभिनिटी (एमडीभ) अध्ययन कार्यक्रम शुरू भयो । यस संयुक्त प्रयासबाट पनि धेरै व्यक्तिहरूले अध्ययन गर्ने अवसर पाउनुभयो र दीक्षित पनि हुनुभयो । सन् २०१७ मा विभिन्न कलेजहरूसँग मिली फेरि एमटीएच कार्यक्रम पनि शुरू भयो । एनटीसीले सन् २०१८ मा एमडीभ शुरू गर्यो र त्यो कार्यक्रम पनि सञ्चालित छ ।

२०२० मार्च ६ मा एनटीसीको नयाँ भवनको समर्पण भयो । यो नयाँ भवनको सुविधापछि एनटीसीमा २५० भन्दा बढी विद्यार्थीहरूलाई आवासीय किसिमले नै शिक्षा दिन सकिने भएको छ । कोभिड १९ को कारण मार्च २२ बाट नै एनटीसीलाई बन्द गरियो । सरकारले नै सबै स्कूल र कलेजहरू बन्द गर्ने आदेश दिएको हुनाले यसो गर्नुपरेको हो । केही सयम हेरेपछि एनटीसीले जुन १५ देखि फेरि अन्तिम वर्षका विद्यार्थीहरूका लागि जुम मार्फत कक्षाहरू सञ्चालन गर्यो र उनीहरूको अध्ययनलाई पूरा गर्यो । त्यसपछि बाँकी रहेका कक्षाहरूका लागि पनि अगस्ट २०२० देखि जुममा कक्षा सञ्चालन गरी बाँकी रहेको अध्ययनलाई पनि पूरा गर्यो । त्यसपछि उनीहरूलाई माथिल्लो कक्षामा भर्ना गरियो अहिले जुम मार्फत नै अध्ययन सञ्चालन भइरहेको छ । यो शैक्षिक सत्र केही महिनाभित्र पूरा गर्ने उद्देश्य एनटीसीले राखेको छ । नेपाल सरकारले स्कूल र कलेजहरू सञ्चलन गर्ने अनुमति दिएपछि र अवस्था सामान्य भएपछि फेरि एनटीसीमा विद्यार्थीहरूलाई ल्याउने योजनामा एनटीसी रहेको छ । एनटीसीमा आर्थिक चुनौती बढिरहेको छ । विद्यार्थीहरूबाट आउनुपर्ने फि पनि ढीला भइरहेको छ र विद्यार्थीहरूले आफ्ना फि बुझाउनका लागि पनि एनटीसी अनुरोध गर्दछ । साथासथै मण्डलीहरू वा व्यक्तिहरूले पनि एनटीसीको सेवाको लागि प्रार्थना र आर्थिक सहयोग गरिदिनुहुनका लागि अनुरोध गर्दछौं ।

एनटीसीको छोटो गतिविधिको विवरणपछि अब म एनटीसीको नयाँ कार्यक्रमको बारेमा पनि जानकारी दिन चाहन्छु । एनटीसी बोर्डले केही हप्ता पहिले नयाँ कार्यक्रमको स्वीकृति दिएको छ । यसको लागि बोर्डलाई एनटीसी धन्यवाद व्यक्त गर्न चाहन्छ । धेरै लामो समयदेखि एनटीसीले ब्याचलर अफ थियोलोजी (बिटीएच) र ब्याचलर अफ आर्टस् (बिए) डिग्री सञ्चालन गर्ने बारेमा कुराकनी गर्दै आएको थियो । २०२० मा एनटीसीले नयाँ भर्ना लिन सकेको छैन र अब १ मार्च २०७७ देखी कक्षा संचालन गर्ने निर्णय भएको छ, त्यसकारण तुरुन्त फारम भर्न अनुरोध गर्दछौ र अब देखि ब्याचलर कार्यक्रम चार वर्षको हुनेछ । प्रभुको बोलावट पाउनुभएका र विभिन्न क्षेत्रमा रहेर उहाँको सेवा गर्ने उद्देश्य राख्नुभएका विद्यार्थीहरूलाई हामी यस कार्यक्रमका लागि फारम भर्न अनुरोध गर्दछौं । एनटीसीको वेवसाइटमा पनि यस विषयमा जानकारी प्राप्त गर्न सक्नुहुनेछ । नेपालभरिका एजी र एजी बाहिरका मण्डलीहरूका पास्टरहरू, अगुवाहरू र विश्वासीहरूलाई हामी आग्रह गर्दछौं कि आफ्नो मण्डलीमा भएका भाइ बहिनीहरू, र छोराछोरीहरूलाई प्रभुको सेवामा उत्साह दिनुभई यस कार्यक्रममा सहभागी हुन लगाउनुहोस् । प्रभुको राज्यमा विभिन्न क्षेत्रमा रहेर सेवा गर्नका लागि प्रभुको बोलावट पाएका युवा शक्तिको हामीलाई आवश्यकता छ । अबको केही हप्ता पछि एनटीसीमा एमडीभ पहिलो वर्षको अध्ययन पनि शुरू हुन लागेको छ । प्रभुको बोलावटको अनुभव गर्नुभएका व्यक्तिहरूले फारम भरी कलेजमा पठाउन हुनका लागि पनि अनुरोध गरिन्छ । एनटीसी वेबसाइटमा राखिएको फारमलाई अनलाइन पनि भर्न सकिन्छ । एनटीसीको सेवाको लागि निरन्तर प्रार्थना गरिदिनका लागि हामी सम्पूर्ण मण्डली र विश्वासीहरूलाई अनुरोध गर्न चाहन्छौं । प्रभुले तपाईंहरू सबै जनालाई प्रशस्त आशिष दिनुभएको होस् ।

**Dr. Bal Krishna Sharma, PhD (Principal)**



MDiv online class with course teacher Mr. Arpit Mathews



BTh III year online class with course teacher Mr. Sunil Singh



## नेपाल थियोलोजिकल कलेज र जूम प्रविधिको प्रयोग

यो बन्दाबन्दीको कारणले विश्व नै तहस-नहस भैरहँदा सबै स्कूल-चर्चहरु र बाइबल कलेजहरु त्यसबाट अछुतो रहेनन् । नेपाल थियोलोजिकल कलेज पनि यसबाट अलग रहन सकेन । केही समयसम्म हामी सबै अन्योलको अवस्थाबाट भएर जानुपऱ्यो । विकल्पमा हामीले जूम प्रविधिलाई रोज्ने निर्णय गऱ्यौं। शुरुमा अप्ठ्यारा परिस्थितिहरु देखा नपरेका होइनन् तर पनि जूम प्रविधिलाई प्रयोग गर्न हामी सफल भयौं ।

विद्यार्थीहरू र शिक्षकहरूको मूल्याङ्कन अनुसार झन्डै ७५% सफल भएको पत्ता लाग्यो । एम.डिभ., बि.टि.एच.र डिप्लोमा कक्षाहरु सबै संचालन गर्न हामी सफल भयौं । एन.टी.सी. ले आत्मिक क्षेत्रलाई ध्यानमा राखी जूमकै माध्यमबाट संयुक्त रुपमा संगति पनि पटक-पटक गर्न सक्यो र आशिषमय पनि भयो साथै यसपालिको ख्रीष्टमस कार्यक्रम पनि जूम मार्फत गरियो ।

जूम प्रविधिले शिक्षकहरू र विद्यार्थीहरू सबैलाई नयाँ प्रविधिको ज्ञान दिलाएको छ। संसारको जुनसुकै कुनामा भए तापनि सामाजिक, मानसिक र आत्मिक दूरिलाई हटाउन सफल भएको छ। आशा छ, अब एन.टी.सी.ले जूम प्रविधिलाई भविष्यमा पनि प्रयोग गरिरहनेछ र जूमको प्रयोगबाट परमेश्वरको महिमा गरिरहनेछ ।

अन्त्यमा नेपाल थियोलोजिकल कलेजको आत्मिक र शैक्षिक दुबै पक्षलाई जूम प्रविधिको प्रयोगले धेरै नै माथि उचालेको हामी एन.टी.सी. परिवारले महसूस गरेका छौं । जूम प्रविधिको लागि परमेश्वरलाई धन्यवाद ।

**Rev. Seth Tamang**
**(Student Dean)**



## MOVING FORWARD WITH HOPE AMIDST

Today the world is going through a challenging situation. COVID 19 has brought instability, uncertainty and devastating situation in the lives of people, and we as NTC community are no exception. For many of us, COVID 19 has come as an unexpected disaster bringing psychological distress and unfavourable impact on our holistic wellbeing. Our whole system of education in NTC has now shifted to virtual learning. The campus is empty without students. The interaction with students is just limited to virtual few hours of classes. These uncertainties have brought frustration, helplessness, anxiousness, stress and mental strain on many of our lives.

In the midst of these struggles, I strongly believe there is a need for all of us to move forward in life, towards the new normality. I would like to encourage each one of us to build hope amidst these adversities. Building up our resilience by focussing on God's strength and His guidance and protection will help us to face the challenges of our lives. It is important for us to arise and move forward with hope by trusting in the Lord. Let us encourage each other through the promise of God, '*The Lord himself goes before you and will be with you; he will never leave you nor forsake you. Do not be afraid; do not be discouraged (Deut.31:8)*'; and believe that God is in control of every situation as '*He has made everything beautiful in its time (Ecc. 3:11)*'.

**Mrs. Karuna Sharma**
**Women Dean**



**NTC College Buildings**

...Continued from Page 2

support from the expertise, and unstoppable and active participation from our students are providing us the sufficient courage to work diligently and prepare for better management.

NTC Library has cataloged 12,000 books that include a reference section, general section, and journal section. The concept of the dedicated e-library is a bigger vision seen by NTC. NTC library's 2025 mission is to catalog around 15,000 digital books (pdf). It will benefit the AGSTNP Colleges via joint library database system. Our future goals are establishing an iron gate and CCTV for library security. We pray to God the Father to guide us in this academic ministry in Nepal.

**Mr. Sonam Achhami**
**Librarian, NTC**

# PHOTO GALLERY







## !! ADMISSION OPEN !!

**NEPAL THEOLOGICAL COLLEGE IS OFFERING VARIOUS COURSES IN ENGLISH AND NEPALI IN OUR HOMELAND NEPAL**

**INTERESTED CANDIDATES CAN APPLY !!**

### NTC Offers :

- M.Th. -3 Years (Inter Cultural Studies, Bible Exposition, Theology & Ethics)
- M.Div. - 3Years (For Secular Graduates )
- M.Div. Upgrade -2Years (For B.Th. Graduates)
- B.Th. 4 Years (For +2 Graduates)
- B.Th. & B.A. - 4 Years (For +2 Graduates)
- D.Th. - 2 Years (For 10 Graduates)

### Some Features of Nepal Theological College

- Lectured and Mentored by Highly Qualified Native and International Faculty
- Student Friendly Spiritual Environment
- Library Resources,
- Affordable Fees
- Excellent Infrastructure and Hostel Facilities, family quarters

For Further Information !!

Nepal Theological College
Po. Box No. 4245
Kathmandu, Nepal
Ph: +977-015202073/5201459
Email: ntcktm@gmail.com Web: nepaltheologicalcollege.org

Nepal Theological College
Po. Box No. 4245
Kathmandu, Nepal
Ph: +977-015202073/5201459
Email: ntcktm@gmail.com
Web: nepaltheologicalcollege.org